# संघीय संसद
# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति

## बैठक संख्या-१७

मितिः-२०८०/०८/२०

## छलफल तथा निर्णयहरु

समितिको आजको बैठकमा दुरसञ्चार सेवा प्रदायक संस्था एनसेल (Ncell) को शेयर खरिद-विक्री सम्बन्धमा नेपाल दुरसञ्चार प्राधिकरण एवं कम्पनी रजिष्ट्रारको कार्यालयका पदाधिकारीसहित छलफल भयो । छलफल पश्चात् समितिले देहायबमोजिम निर्णय भयो :-

१. मलेसियन टेलिकम्यूनिकेशन कम्पनी अक्जियटा (Axiata) ले एनसेल (Ncell) मा रहेको आफ्नो सम्पूर्ण शेयर वा एनसेल (Ncell) को ८० प्रतिशत शेयर अर्को कम्पनीलाई खरिद-विक्री वा स्वामित्व हस्तान्तरण गरेको भन्ने सम्बन्धमा आधिकारिक रुपमा नेपालको दुरसञ्चार सेवा प्रदायक संस्थाको नियमनकारी निकाय नेपाल दुरसञ्चार प्राधिकरणलाई पूर्व जानकारी गराउनु पर्नेमा प्रारम्भमा जानकारी नगराई हाल आएर अबका प्रक्रिया पुरा गर्छु भन्नुले पनि प्रारम्भिक प्रक्रिया जानकारी गराएको देखिँदैन ।

   कानूनी व्यवस्थाको परिपालना नगरिनु, शेयर खरिद-विक्री गर्दा अवास्तविक, अनपेक्षित एवं अविश्वसनीय र अपारदर्शी तवरमा अति न्यून मूल्याङ्कन गरी खरिद-विक्री गरिनु, नेपाल बाहिर शेयर खरिद-विक्री वा हक हस्तान्तरण गरी नेपाल सरकारलाई प्राप्त हुनुपर्ने पूँजीगत लाभकर, स्वामित्व हस्तान्तरण कर लगायतका करहरु प्रभावित गर्न खोजिनु, करिब ६ वर्षपछि कानूनतः नेपाल सरकारको स्वामित्वमा आउने अवस्थालाई अनिश्चयतर्फ धकेल्न खोजिनु, पारदर्शिता नदेखिनु, नेपालमा वैदेशिक लगानीलाई सहज गर्ने वातावरण नभएको भनी भ्रमपूर्ण सन्देश प्रवाह गर्न खोज्नु तथा अन्य नकारात्मक टिप्पणी गर्नुले उक्त कारोबार प्रारम्भिक रुपमा संशयपूर्ण (शंकास्पद), अपारदर्शी तथा अवास्तविक रहेको भन्न सकिने अवस्था देखिन्छ ।

२. हालै भएको भनिएको प्रत्यक्ष वैदेशिक लगानी अन्तर्गतको एनसेल (Ncell) को ८० प्रतिशत शेयरको खरिद-विक्री वा हक हस्तान्तरणको सम्बन्धमा विस्तृत रुपमा अनुसन्धान गरी निष्कर्षमा पुग्नु पर्ने भएकोले अनुसन्धान गरी निस्कर्षमा नपुगुञ्जेल अवधिभरको लागि यस

शेयर खरिद-विक्री कारोवार सम्वन्धी कार्यलाई यथास्थितिमा राख्न (रोक्न), तथा यस विषयमा वास्तविकता तथा यथार्थता पहिचान गर्नका लागि ३० दिनभित्र कार्य सम्पादन गर्ने गरी तत्काल स्वतन्त्र अनुसन्धान गर्न, गराउन समितिको यो बैठक नेपाल सरकारलाई निर्देश गर्दछ। साथै यस शेयर खरिद-विक्रि सम्वन्धमा भएका कामहरुको विस्तृत विवरण र नेपालमा प्रत्यक्ष वैदेशिक लागनी जोखिमयुक्त रहेको भन्ने भनाई सम्बन्धमा सरकारको धारणा यथाशीघ्र (४८ घण्टा भित्र) सार्वजनिक गर्न समितिको यो बैठक नेपाल सरकारलाई निर्देश गर्दछ।

३. यस विषयहरुसँग सम्वन्धित कानूनी व्यवस्थाहरुमा रहेका छिद्रहरुको उपयोग गरी हुनसक्ने चलखेल रोक्न तथा लगानीकर्ताहरुको सुरक्षा र देशले पाउने लाभ सुनिश्चित हुने गरी र आगामी दिनमा दुविधा नहुने गरी स्पष्ट खाकासहित दुरसञ्चार सम्वन्धी कानूनहरुलाई शंशोधन गर्नुपर्ने देखिएकोले संसदको आगामी अधिवेशनको प्रारम्भ सम्ममा संशोधन विधेयक संघीय संसदमा दर्ता गराउन समितिको यो वैठक नेपाल सरकारलाई निर्देश गर्दछ।

४. प्रत्यक्ष वैदेशिक लगानी अन्तर्गतको एनसेल (Ncell) को ८० प्रतिशत शेयरको खरिद-विक्री वा हक हस्तान्तरणको सम्बन्धमा तथा समसामयिक विषयमा सरकारको थप धारणा बुझ्न समितिको आगामी कुनै बैठकमा सम्माननीय प्रधानमन्त्रीलाई आमन्त्रण गर्ने।

५. समितिको अर्को वैठक सूचना भए पछि बस्ने गरी यो वैठक स्थगित हुन्छ।